महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८

मानेभञ्ज्याङ गाउँपालिका,
ओखलढुंगा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।
(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।
(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९

च.नं. ९२

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
मानेभञ्ज्याङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

पत्र संख्याः ०७८/७९

च.नं.: ८८

मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,

मानेभञ्याङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

मानेभञ्याङ, ओखलढुंगा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले **मानेभञ्याङ गाउँपालिका**को आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७७/१०/२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रिया सहितका प्रमाण कागजात प्राप्त हुन आएन । सो अनुसारको अन्तिम प्रतिवेदन **पाना १६** यसैसाथ संलग्न छ।

२. लेखापरीक्षणबाट रु.६२ लाख ४६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१० लाख ८८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१८ लाख ८६ हजार, नियमित गर्नुपर्ने रु.७ लाख ७८ हजार र पेश्की बाँकी रु.२४ लाख ९४ हजार रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूतरुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)

नायब महालेखापरीक्षक

मानेभञ्ज्याङ गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस मानेभञ्ज्याङ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, १४६.१ वर्ग किलोमिटर क्षेत्रफल तथा २१ हजार जनसंख्या रहेको छ ।

स्थानीय सञ्चितकोष - आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो अनुसारको विवरण प्राप्त भएको छ । सो अनुसारको गाउँपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ ।

आर्थिक विवरण, आ.ब. २०७६/७७							
आय				**व्यय**			
सिनं.	**विवरण**	**रकम**	**रकम**	**सिनं.**	**विवरण**	**रकम**	**रकम**
१	**गत बर्षको जिम्मोवारी:**		४२४३६१८२	१	**चालु खर्च**		६७००१४६९
	क. नगद		०		राजश्व बाडफाड संघीय सरकार	४६८१०५३२	
	ख. बैंक				समानीकरण नेपाल सरकार	१४१३०६२०	
	समानीकरण	२४४४९२३१			राजश्व बाडफाड प्रदेश सरकार	३४८२७३	
	आन्तरिक आन्दानी बाकी	३०८२४९६			गाउपालिका आन्तरिक श्रोत	५७१२०४४	
	राजश्व बाडफाड	१३९५४२११		२	**पुजिगत खर्च**		६८६४०३१५
	हेल्भेटास	७५००			राजश्व बाडफाड संघीय सरकार	६०७३५५	
	मनोसामाजिक परामर्श	२५१७०			समानीकरण नेपाल सरकार	३४६७५६७९	
	भाषा आयोग	२५५०००			राजश्व बाडफाड प्रदेश सरकार	३५८३७४४	
	बेरूजु	३०३०००			समानीकरण प्रदेश सरकार	३०७२०००	
	धरौटी	३६०१८६			गाउपालिका आन्तरिक श्रोत	२६७०१५३७	
२	**राजश्व**		५६८४१५१७	३	**सशर्त अनुदान**		१४९३९९९६४
	क. आन्तरिक राजश्व	३१५२७९१			क. स्वस्थ्य	२४३९१७६०	
	ख. राजश्व बाडफाड	४८११६१७४			ख. शिक्षा	११।१६४०८	
	ग. सवारी साधन कर	२४६९५२७			ग. हेल्भेटास	२२९४२३५	
	घ. खानीखनिज बाडफाड	२७६५९०			घ. कृषि पशु	८०९६४२	
	ग. अन्य आन्तरिक आय	२८२६४३५			ङ. ऊर्जा	१६०००००	
३	**वित्तिय हस्तान्तरण**				च. कृषि पशु तलब	०	
	क. वित्तिय समानीकरण अनुदान		८९६०००००		छ. प्रधानमन्त्री रोजगार	५४००००	
	ख. सशर्त अनुदान		१८१७७०३४९		ज. साना सिंचाई	३३३४१०४	
	स्वस्थ्य				झ. विशेष अनुदान	०	
	शिक्षा			४	**प्रदेश सरकारबाट प्राप्त**		१२८८९४५८
	हेल्भेटास				क. सशर्त अनुदान	५३२२४८०	
	कृषि पशु				ख. नि.क्षे.पू.वि. कार्यक्रम	३७५३९६४	
	ऊर्जा				ग. नि.क्षे.विशेष कार्यक्रम	६०००००	

	कृषि पशु तलब				घ. म.स्व.स्वं.से. पोशाक र प्रोत्साहन भत्ता	१२२२०००	
	प्रधानमन्त्री रोजगार				ङ. म.स्व.स्व.से.प्रोत्साहन		
	साना सिंचाई				च. विशेष अनुदान	१९९१०१४	
	ग. समपूरक अनुदान		०		छ. समपूरक अनुदान	०	
	घ. विशेष अनुदान		**१५००००००**	९	**विषयगत निकायबाट प्राप्त**		**७१६१८४१७**
४	**प्रदेश सरकार अनुदान**		**३०४९६०००**		क. सामाजिक सुरक्षा संरक्षण	६०२६२६००	
	क. वित्तिय समानीकरण	६९९६०००			ख. राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग	१२५११३१	
	ख. सशर्त अनुदान	५४६००००			ग. पर्यटन पूर्वाधार विकास	९६००००	
	ग. नि.क्षे.पू.वि. कार्यक्रम	४०६००००			घ. गरिबसंग विश्वेश्वर कार्यक्रम	६९८६३०	
	घ. नि.क्षे.विशेष कार्यक्रम	७५८०००			ङ.स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	८४४६०५६	
	ङ. म.स्व.स्वं.सेविका भत्ता	१२२२०००		६	**कोलेनिका फिर्ता:**		**४२३२९०६८**
	च. म.स्व.स्व.से.प्रोत्साहन				सशर्त अनुदान	२७३२९०६८	
	छ. विशेष अनुदान	२००००००			विषेष अनुदान	१५००००००	
	ज. समपूरक अनुदान	१०००००००|		७	**प्रदेशलेखा नियन्त्रक कार्यालय फिर्ता:**		**१०६१०५४२**
५	**अन्तरस्थानीय तहबाट प्राप्त**		०		क. सशर्त अनुदान	६०१५५६	
६	**वित्तिय व्यवस्था प्राप्ति**		०		ख. विशेष अनुदान	८९८६	
७	**विभिन्न कोषतर्फको आय**		**६२६७१७६**		ग. समपूरक अनुदान	१०००००००	
	प्रकोप व्यवस्थापन कोष	६२६७१७६		८	**धरौटी फिर्ता**		**१३१०००**
८	**जनसहभागिता नगद**		०	८	**अन्य आम्दानी खर्च**		**३३६२३५०**
९	**विषयगत निकायबाट प्राप्त**		**७१६१८४१७**		क. प्रकोप व्यवस्थापन कोष	२६६३७०३	
	क. सामाजिक सुरक्षा संरक्षण	६०२६२६००			ख. मनोसामाजिक परामर्श	६९८६४७	
	ख. राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग	१२५११३१		९	**मौज्दात**		
	ग. पर्यटन पूर्वाधार विकास	९६००००			क. नदग मौज्दात		०
	घ. गरिबसंग विश्वेश्वर कार्यक्रम	६९८६३०			ख. बैक मौज्दात		६९९२५३४६
	ङ.स्थानीय पूर्वाधार विकास साझेदारी	८४४६०५६			गाउपालिका आन्तरिक श्रोत	५८२६८३२२	
१०	**धरौटी आय**		**११९०८१३**		भाषा आयोग	२५५०००	
११	**लगानीको सावा फिर्ता**		०		साना सिंचाई (एसआईपी)	५५६५५५२	
१२	**अन्य विविध आय**		**६८७४७५**		मनोसामाजिक परामर्श	१२३८७	
	क.मनोसामाजिकपरामर्श बेरूजु	१६१२			प्रकोप व्यवस्थापन कोष	३६०३४७४	
					संघ तथा प्रदेश कन्टिन्जेन्सी दा.बाकी	४९६०००	
	ख.मनोसामाजिक परामर्श	६८५८६३			बेरूजु दाखिला बाकी	३०४६१२	
					धरौटी	१४१९९९	
	जम्मा		४९५९०७९२९		**जम्मा**		४९५९०७९२९

कार्यालयको नाम - मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा		आर्थिक वर्ष - २०७६/७७
दफा नं.	लेखापरीक्षणवाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
१.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामानहरु वितरण गर्ने गरेको देखियो। • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गर्ने गरेको देखिएन । • भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन तयार गरेको देखिएन। • कार्यक्रममा भएको खर्चको तेरिज बनाएको पाइएन। • पेश्की फछ्यौट नगरी पेश्की दिने गरेको देखियो । • स्वास्थ्य क्षेत्रका एउटा कर्मचारीलाई धेरै कार्यक्रमको पेश्की दिने गरेको देखियो। • निर्माणसंग सम्बन्धित नापी नियन्त्रण खाता नापी किताब जस्ता अभिलेखको पुर्ण पालना गरेको देखिएन। • कन्टेन्जेन्सी खर्चको ठेक्का अनुसार अभिलेख राखेको देखिएन। • मु.अ कर समायोजन बेगर मुल्य अभिवृद्धिकर फिर्ता दिने गरेको देखियो। • पेश्की नलिई कार्यक्रम संचालन गरी सोधभर्ना लिने गरेको देखियो। • कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन।	

कार्यालयको नाम - मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा		आर्थिक वर्ष - २०७६/७७
दफा नं.	लेखापरीक्षणवाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको देखिएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको देखिएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको देखिएन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको देखिएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता बमोजिम गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन। • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको देखिएन । • वातावरण संरक्षणको एकिकृत, दिर्घकालीन योजना, शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं सोको कार्ययोजना तयार गरेको देखिएन। • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको देखिएन। • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको देखिएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको देखियो। • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको देखिएन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	• **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**	
२.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सविता राईले २०७६।३।१० गते रु.३४ करोड १४ लाख ७२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले	

दफा नं.	लेखापरीक्षणवाट देखिएका व्यहोरा	बेरुजू रकम रु.

२०७६।३।३० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

३. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक	
१	गा पा पुंजिगत	८६८२२	१२७४९	२७७५२	४६३२१	२७०८८
	खर्च प्रतिशत		१४.६८	३१.९६	५३.३५	३१.१९

वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	२६२८३०००	९९११७८१	३७.७१
सामाजिक क्षेत्र	२४६४०६०००	१६४०१७७०७	६७.०५
पूर्वाधार विकास क्षेत्र	१००३४१०००	५५७७२४५८	५५.५८
वित्तीय व्यवस्थापन र सुशासन	४४२७०००	१७४४१३०	३९.४०
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	९८२४५०००	६६४८५१३०	६७.६७
जम्मा	**४७३९०२०००**	**२९७९३१२०६**	**६२.८६**

संगठन तथा कर्मचारी ब्यवस्थापन

५. **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार समितिमा गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो बर्ष ३ विवाद दर्ता भएकोमा सबै फछ्र्यौट भएको देखिन्छ ।

६. **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए

कार्यालयको नाम - मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा		आर्थिक वर्ष - २०७६/७७
दफा नं.	**लेखापरीक्षणवाट देखिएका व्यहोरा**	**बेरुजू रकम रु.**

बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

- **पदाधिकारी सुविधा**

७. **दोहोरो यातायात सुविधाः-** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ (संसोधन सहित) को अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र पदाधिकारीहरुलाई दिन मिल्ने देखिन्छ । पालिकाको देहाय बमोजिमका पदाधिकारीहरुले सवारी साधन सुविधा लिएको अवस्थामा समेत यातायात खर्च र इन्धन खर्च मासिक रुपमा भुक्तानी लिएकोले दोहोरो सुविधा लिएको रकम असुल गरी दाखिला हुनुपर्ने रु...

बेरुजू रकम रु.: ४३२०००/-

सि नं	पद	पदाधिकारीको नाम	सवारी साधन नं.	ईन्धन मासिक	यातायात खर्च वार्षिक	बढी रकम
१	व.अध्यक्ष	राजकुमार रोम्दाली	स.१ब. ९९०	३०५००	४८०००	४८०००
२	व.अध्यक्ष	उमेश कार्की	स.१ब ९९२	३६०००	४८०००	४८०००
३	व.अध्यक्ष	मडेल राई	बा.२प ९८९	३८०००	४८०००	४८०००
४	व.अध्यक्ष	संत ब. तामाङ्ग	बा.२प ८०९७	३८०००	४८०००	४८०००
५	व.अध्यक्ष	राम कुमार राई	बा.२प ९९४	३१५६०	४८०००	४८०००
६	व.अध्यक्ष	हेमराज राई	बा.२प ९९५	३६०२०	४८०००	४८०००
७	व.अध्यक्ष	केशव प्रस. ढुंगाना	बा.३बा ३४१	२९४००	४८०००	४८०००
८	व.अध्यक्ष	भिम ब.बलम्पाखी	स.१ब ९९१	३४३००	४८०००	४८०००
९	व.अध्यक्ष	नानीबाबु सिंदाली	स.१ब ९९३	३४४००	४८०००	४८०००
जम्मा						४३२०००

- **आयकर एवं मू.अ.कर**

८. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिम कर कट्टा गरेको देखिएन । अतः सम्बन्धितवाट कर बापत लाग्ने रु.५४८५९।- असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु...

बेरुजू रकम रु.: ५४८५९/-

गोभौनं./मिति	विवरण	भुक्तानी रकम	करको दर	कर रकम
५-२०७६/९/७ (संघीय सरकार)	सिम्खाकु ग्रिमदी बायमखु सिंचान कुलो सिंचाइ योजना (पाइप सिमेन्ट खरिद)	१८७४०१७	१.५	२८११०
४७-२०७६/९/२३ (गापा पुजिगत)	८ नं. वडा कार्यालय ट्रष्ट निर्माण (आल्मुनियम खरिद)	२२१३२४	१.५	३३१९
१३७-२०७७/३/३१ (शिक्षा)	स्वअध्ययन पुस्तिका खरिद	२६२०००	१.५	३९३०
५१-२०७६/७/५	साउण्ड सिस्टम भाडा	१५२०००	१०	१५२००
१८-२०७७/३/३	किवी ढुवानी खर्च	४३०००	१०	४३००
जम्मा				**५४८५९**

९. **मूल्य अभिवृद्धि कर कट्टी** - भौ.नं.११६-२०७६/११/३० आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर

<table>
<tr><td colspan="3">कार्यालयको नाम - मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा   आर्थिक वर्ष - २०७६/७७</td></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले बामवुले कन्स्ट्रक्सन प्रा.लि.लाई दोस्रो रनिङ वील रु.५२६३८५/- (मु.अ.कर समेत) भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.३०२७८।- कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>३०२७८/-</td></tr>
<tr><td></td><td>• उपभोक्ता समिति मार्फत कार्य</td><td></td></tr>
<tr><td>१०.</td><td>हेभी इक्विपमेण्टको प्रयोग – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छनः
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr>
<tr><td>उमु फकुल पस्सु सडक</td><td>सडक निर्माण</td><td>२३६२४८०</td><td>एक्साभेटर मेसिन</td><td>१८६१९८६</td></tr>
<tr><td>कोल्टार खेल मैदान स्तरोन्नती</td><td>खेलमैदान सम्याउने</td><td>१९९१०१४</td><td>,,</td><td>१४७०४०७</td></tr>
<tr><td>माधवपुर दुम्खिम सिम्पानी बेल्टार सडक</td><td>सडक निर्माण</td><td>८३०८६०</td><td>,,</td><td>७८५०७७</td></tr>
<tr><td>उबु खचापु सडक निर्माण</td><td>सडक निर्माण</td><td>९२३१०४</td><td>,,</td><td>७८२७७१</td></tr>
<tr><td>वडा कार्यालय भवन देखि दाम्खिम सिम्पानी खेति सम्म मोटरवाटो</td><td>सडक निर्माण</td><td>१०३९८००</td><td>,,</td><td>७७८५३१</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११.</td><td>जटिलसंरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितको भवन, जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td colspan="3">कार्यालयको नाम - मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा आर्थिक वर्ष - २०७६/७७</td></tr>
<tr><td>दफा नं.</td><td>लेखापरीक्षणवाट देखिएका व्यहोरा</td><td>बेरुजू रकम रु.</td></tr>
<tr><td></td><td>
<table>
<tr><td>१७८-२०७७/२/३२</td><td>७ नं. वडा कार्यालय भवन निर्माण उ स</td><td>भवन निर्माण</td><td>२५०००००</td></tr>
<tr><td>२७८-२०७७/३/२८</td><td>७ नं. महिला सामुदायिक भवन निर्माण उ स</td><td>,,</td><td>९०००००</td></tr>
<tr><td>२९३-२०७७/३/२९</td><td>२ नं. महिला सामुदायिक भवन निर्माण उ स</td><td>,,</td><td>९०००००</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२.</td><td>कन्टिन्जेन्सी खर्च - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा वर्षान्तमा खर्च नभै बाँकी रहेको सशर्त तर्फको रकम सम्बन्धित संचितकोषमा फिर्ता गर्नुपर्दछ । गाउँपालिका कार्यालयले संघीय बजेटवाट कन्टेन्जेन्सी कट्टा गरेको रु.५२०००।- र प्रदेश बजेटवाट कट्टा गरेको रु.४४०००।- समेत रु.४९६०००।- खर्च नभई वर्षान्तमा बाँकी रहेकोले उक्त रकम सम्बन्धित संचित कोष दाखिला हुनुपर्ने रु...</td><td>४९६०००/-</td></tr>
<tr><td>१३.</td><td>जिन्सी दाखिला - भौ.नं.३-२०७६/६/१३ कार्यालयले १ थान ल्यापटप र १ थान कार ब्रस खरिद बापत लक्कि ए एस इन्टरप्राइजेज काठमाण्डौलाई रु.२०७३५५।-(मु.अ कर समेत) खर्च लेखेकोमा उक्त सामान जिन्सी दाखिला नभएकोले दाखिला प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...</td><td>२०७३५५/-</td></tr>
<tr><td>१४.</td><td>बस्तु खरिद - सार्जवनिक खरिद नियमावली, २०६४ को निमय ९७(१) मा रु.१ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख छ । कार्यालयले निम्न निर्माण कार्यको लागि आवश्यक निर्माण सामाग्री उपभोक्ता समिति मार्फत सोझै खरिद गराएको पाइयो । यसरी उपभोक्ता समिति मार्फत सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>निर्माण सामाग्रि</th><th>रकम (मु.अ कर समेत)</th></tr>
<tr><td>पारांगास खोला खर्क मानेभन्ज्याङ खानेपानी योजना</td><td>सौर्य सामाग्री र पाइप खरिद</td><td>१५८७४७६</td></tr>
<tr><td>गैरीगाउँ खानेपानी योजना</td><td>हिलटेक लगायत ७ आइटम</td><td>५०१८६१</td></tr>
<tr><td>टुडेखोला गुरुङडाँडा खोला लिफ्टिङ्ग</td><td>सोलार लिफ्टिङ्ग सामाग्री र पाइप खरिद</td><td>१३०१४७५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५.</td><td>विल भरपाई - भौ.नं.१२१-२०७६/१२/३ वडा स्तरीय सडक मर्मतको लागि रु.४०००००।- बजेट छुट्याएकोमा रु.८६८५८१।- को लागत अनुमान तयार गरी रु.४०००००।- को इन्धन विल मात्र पेश गरी रु.८७८२५४।- को कार्यसम्पन्न गरेको देखियो । मेसिन प्रयोग गरेको प्रमाण पेश नगरी देखाएको योजनाको खर्च रु.४०००००।- नियमसम्मत नदेखिएको रु...</td><td>४०००००/-</td></tr>
<tr><td>१६.</td><td>नपुग विल भरपाई - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट खर्च गर्दा खर्चको विल भराई साथ लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले भौ.नं.१०-२०७६/६/१२ वाट विभिन्न भुक्तानी अन्तर्गत रु.३४६००।- खर्च लेखेकोमा सोही रकमको विल भरपाई पेश हुनुपर्नेमा रु.२३८२०।- मात्र विल भरपाइ पेश भएकोले नपुग विल भरपाई रु.१०७८०।- को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...</td><td>१०७८०/-</td></tr>
</table>

<table>
<tr><th colspan="3">कार्यालयको नाम - मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा आर्थिक वर्ष - २०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>१७.</td><td>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>४५ वटा विद्यालय</td><td>२१४</td><td>११३</td><td>१०३</td><td>४३७६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८.</td><td>विद्यालयगत निकासा रजिष्ट्रर - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>छात्रवृति तथा पाठ्यपुस्तक वितरण - कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले यस आ.ब.मा छात्रवृत्ति बापत रु.७५२०००।- र निशुल्क पाठ्यपुस्तक बापत रु.२६८७३६५।- गरी ४५ विद्यालयहरुलाई रु.३४३९३६५।- निकासा दिएको छ । तर उक्त निकासा रकम तोकिएको प्रक्रिया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । त्यसैले कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्यांकन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>सामाजिक परीक्षण र वित्तीय लेखा परीक्षण - विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ बमोजिम यस गाउँपालिका अन्तर्गतका ८ माध्यमिक विद्यालय र ३७ आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परिक्षण तथा लेखापरीक्षण बापत रु.४९००००।- अनुदान दिएकोमा सामुदायिक विद्यालयले लेखापरीक्षण गराई पारदर्शिता जवादेहिताको सुनिश्चितताका साथ दोस्रो चौमासिक निकाशा दिँदा सम्म सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन ।</td><td></td></tr>
<tr><td>२१.</td><td>बढि तलब - गाउँपालिकाले अन्तर्गतका विद्यालयमा कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन विवरण शिक्षा विकास तथा समन्वय इकाइवाट प्राप्त गरी वा अध्यावधिक गरी सोही अनुसार दरबन्दीमा, शिक्षक अनुदानकोटा (राहत)मा र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुको लागि विद्यालयवाट प्राप्त माग फाराम रुजु गरी अनुदान दिनु पर्दछ । निम्न विद्यालयवाट राजिनामा गएका शिक्षकहरुलाई समेत निम्नानुसार तलब भुक्तानी भएकोले बढी भुक्तानी रकम असुल हुनुपर्ने रु...</td><td>९६३१३/-</td></tr>
</table>

कार्यालयको नाम - मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा		आर्थिक वर्ष - २०७६/७७
दफा नं.	लेखापरीक्षणवाट देखिएका व्यहोरा	बेरुजू रकम रु.

सि. नं.	विद्यालयको नाम	शिक्षकको नाम	अवधी	तलब स्केल	राजिनामा मिति	बढी दिन	बढी रकम
१	भगवती मावि	शारदा अधिकारी	प्रथम चौमासिक	३०२००	०७/१७/२०७६	१४	१४०९३
२	कालिका मावि	प्रतिक्षा रेग्मी	,,	३०२००	०७/१८/२०७६	१३	१३०८७
३	राज्यलक्ष्मी मावि	सविता राई	,,	३०२००	०७/१८/२०७६	१३	१३०८७
४	,,	प्रमिला निरौला	दोस्रो चौमासिक	३७९९०	०८/२३/२०७६	८	१०१३१
५	भिमसेनस्थान मावि	सुर्य वहादुर कटुवाल	प्रथम चौमासिक	३७९९०	०७/१७/२०७६	१४	१७७२९
६	स्वर्णान्तराल आवि	गगन राई	,,	३०२००	०७/१७/२०७६	१४	१४०९३
७	मनकामना मावि	यशोदा धमला	,,	३०२००	०७/१७/२०७६	१४	१४०९३
	जम्मा						९६३१३

२२. **करार कर्मचारी चाडपर्व खर्च** - नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निणर्यानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा १ महिनाको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने उल्लेख छ । निम्न कर्मचारीहरुको करार अवधि ६ महिना नपुग्दै चाडपर्व खर्च भुक्तानी भएकोले दिन नमिल्ने उक्त रकम असुल हुनुपर्ने रु...

बेरुजू रकम रु.: ४६४९३०/-

विद्यालयको नाम	कर्मचारीको नाम	नियुक्ति मिति	चाडपर्व बापतको रकम
ठुलो जुरे प्रावि	समिता तामाङ	२०७६/२/१२	२६६१०
दिपज्योति प्रावि	धनकुमारी कार्की बस्नेत	२०७६/२/२	२६६१०
दुधकोशी प्रावि	मोहनमाया राई	२०७६/२/१	२६६१०
भीमसेनस्थान मावि	सुनिता तामाङ	२०७६/१/२९	२६६१०
जनज्योति पंचवती प्रावि	सम्झना राई	२०७६/२/२६	२६६१०
,,	माया तामाङ	२०७६/२/२	२६६१०
जनहित प्रावि	ममिता राई	२०७६/२/३	२६६१०
,,	अविगेल राई	२०७६/२/३	२६६१०
रिचुवा प्रावि	वल्दव प्रसाद ढुंगाना	२०७६/२/१२	२६६१०
,,	सुष्मिता राई	२०७६/२/१२	२६६१०
निकेतन मावि	पवित्रा राई	२०७६/२/२	२६६१०
शिवदुती निमावि	दुर्गामाया कामी	२०७६/१/३०	२६६१०
कालिका प्रावि	अन्जना दाहाल	२०७६/२/१२	२६६१०
धुसिनी प्रावि	विद्यादेवी शर्मा	२०७६/१/२९	२६६१०
राज्यलक्ष्मी मावि	सविता राई	२०७६/३/१	२८२००

<table>
<tr><th colspan="2">कार्यालयको नाम - मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा</th><th>आर्थिक वर्ष - २०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td><table>
<tr><td>भिमसेनस्थान मावि</td><td>इन्द्रमाया तामाङ</td><td>२०७६/१/२९</td><td>२८२००</td></tr>
<tr><td>मनकामना मावि</td><td>विद्यासागर पण्डित</td><td>२०७६/२/१</td><td>३५९९०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>४६४९३०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३.</td><td>बढी निकासा - सुनकोशी जन आधारभुत विद्यालयलाई प्रथम, दोस्रो र तेस्रो चौमासिकमा गरी विद्यालय सहयोगी १ जनाको पारीश्रमिक बापत मासिम रु.४५००।- का दरले १३ महिना (चाडपर्व समेत) को जम्मा रु.५८५००।- निकासा हुनुपर्नेमा रु.९७५००।- निकासा भएकोले बढि निकासा भएको रु.३९०००।- असुल गरी दाखिला गर्नुपर्ने रु...</td><td>३९०००/-</td></tr>
<tr><td>२४.</td><td>दिवा खाजा - विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम प्राप्त भएका स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि उपलब्ध गराउन विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५ का दरले १८० दिनको लागि विद्यालयको खातामा अनुदान दिने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिकाले गरेको छ । गाउँपालिकाले यस वर्ष बालविकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत २१२४ जना विद्यार्थीलाई कोभिड १९ को कारण चैत्र देखि आषाढ मसान्त सम्म विद्यालय बन्द रहेको अवस्थामा पनि ४५ विद्यालयको लागि रु.४०१९२८०।- निकासा दिएको पाइयो । निकासा दिएको रकमलाई आधारमान्दा प्रति विद्यालयलाई १२६ दिनका दरले रकम निकासा भएको देखिन्छ । कोभिड १९ को संक्रमणको कारण २०७६ चैत्र देखि २०७७ आषाढसम्म विद्यालय खुलेको प्रमाण पेश भएको छैन ।</td><td></td></tr>
<tr><td>२५.</td><td>वितरणको प्रमाण - भौ.नं.१३३/२०७७/३/३१ कार्यालयले खरिद गरेको सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले यसरी प्राप्त सामान जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६/७७ मा उल्लेख छ । सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामाग्री वितरण कार्यको लागि गाउँपालिकाले यस आ.ब.मा १६७९० थान सेनिटरी प्याड खरिद गरी रु.५५०२०८।- खर्च गरेको छ । पालिकाले खरिद गरेको १६७९० थान सेनिटरी प्याड मध्ये १३८०० थान १८ विद्यालयलाई हस्तान्तरण भएको देखिन्छ भने २९९० थान पालिकामानै मौज्दात रहेको छ । विद्यालयले प्राप्त गरेको र पालिकामा मौज्दात रहेको समेत सबै सेनिटरी प्याड सम्बन्धित छात्राहरुलाई वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु...</td><td>५५०२०८/-</td></tr>
<tr><td>२६.</td><td>खर्च शीर्षक - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा कार्यालयले स्वीकृत बजेट खर्च लेख्दा सम्वन्धित खर्च शीर्षक मिलाई खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले निम्न मिति र भौ.नं.वाट देहायअनुसार खर्च लेख्दा सम्बन्धित शीर्षकमा खर्च नलेखि अन्य असम्बन्धित शीर्षकवाट खर्च लेखेको पाइएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु...
<table>
<tr><th>भौ.नं. र मिति</th><th>खर्च लेख्नु पर्ने शीर्षक</th><th>खर्च लेखेको शीर्षक</th><th>रकम</th></tr>
<tr><td>१२९-२०७७/३/३०</td><td>पाठ्यपुस्तक</td><td>दिवा खाजा</td><td>३७८३६५</td></tr>
</table></td><td>३७८३६५/-</td></tr>
</table>

कार्यालयको नाम - मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा **आर्थिक वर्ष - २०७६/७७**

दफा नं.	लेखापरीक्षणवाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
२७.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस स्थानीय तहले यस आ.ब.मा शिलबन्दी वोलपत्रवाट रु.४१९३६०।- को औषधी गरिद गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छनः	
२७.१.	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश भएको देखिएन ।	
२७.२.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
२७.३.	जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको औषधी खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको देखिएन ।	
२७.४.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखियो ।	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारीसारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	
२८.	**विल भरपाई** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । निम्नानुसारको कार्यक्रमको विल भरपाई परीक्षण गर्दा भुक्तानी भएको रकम भन्दा घटी रकमको विल भरपाइ पेश भएकोले नपुग विल भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...	१०९२६६/-

भौ.नं. र मिति	कार्यक्रमको नाम	भुक्तानी रकम	पेश भएको विल भरपाइ	नपुग विल भरपाई
५५-२०७६/१२/६	दादुरा रुवेला खोप अभियान (पे.फ विश्वराज दाहाल)	१११०००	९८०६१	१२९३९
१४३-२०७७/३/३१	गाउँघर क्लिनिक सेवा सुदृढिकरण (पे.फ विश्वराज दाहाल)	४९०००	४०९६५	८०३५
४६८-२०७७/३/३१ (समानिकरण चालु)	गर्भवती महिलालाई अण्डा वितरण (पे.फ दुखी राउत)	१३००००	८६७०८	४३२९२
,,	सुत्केरी भेट कार्यक्रम (पे.फ दुखी राउत)	२२००००	१८५०००	४५०००
जम्मा				**१०९२६६**

दफा नं.	लेखापरीक्षणवाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
२९.	**भ्रमण खर्च** - गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ र भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पदाधिकारी तथा कर्मचारीहरुले भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा	

कार्यालयको नाम - मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा		आर्थिक वर्ष - २०७६/७७
दफा नं.	**लेखापरीक्षणवाट देखिएका व्यहोरा**	**बेरुजू रकम रु.**
	भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्नेछ र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलव्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन समेत पेश गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक अनुगमन तथा मुल्यांकन र भ्रमण खर्चमा रु.२९९९६०८।- खर्च गरेकोमा भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य,कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल उल्लेख भएको तथा भ्रमण स्थान र फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलव्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन पेश भएको छैन । ऐनको व्यवस्था अनुसार भ्रमण आदेशको स्वीकृति गर्ने, भ्रमण स्थान खुलाउने तथा भ्रमण प्रतिवेदन पेश गर्नु पर्दछ ।	
	आन्तरिक राजस्वतर्फ	
३०.	**नगदी रसिद नियन्त्रण खाता -** कार्यालयले गत वर्षको जिम्मेवारी सरी आएको, यस वर्ष छपाई गरेको, यस वर्ष प्रयोग गरेको र अर्को वर्षलाई जिम्मेवारी सर्न गएको नगदी रसिदको यथार्थ हिसाब देखिनेगरी नगदी रसिद नियन्त्रण खाता तयार गरी प्रमाणित रुपमा राख्नुपर्दछ । कार्यालयले नगदी रसिद नियन्त्रण खाता नराखेको कारण के कति नगदी रसिद छपाई, के कति प्रयोग गरीयो र के कति बाँकी छ सो सम्बन्धमा एकिन हुन सकेन ।	
३१.	**नदिजन्य सामाग्री उत्खनन तथा विक्री -** दुधकोशी, सुनकोशी र मोलुङ खोलाको वगर क्षेत्रको रोडा ढुंगा, वालुवा, ग्राभेल संकलन तथा विक्री गर्न तेस्रो पटक सम्म सुचना प्रकासन गरेकोमा कुनै पनि वोलपत्र पर्न नआएकोले २०७६/७/१८ को गाउँ कार्यपालिकाको निर्णयले वडा कार्यालयलाई राजस्व संकलन गर्न दिएको पाइयो । सो सम्बन्धमा देखिएका थप व्यहोरा देहाय बमोजिम छन्	
३१.१.	वडाले १० चक्के, ६ चक्के गाडी र टयाक्ट्ररको छुट्टा छुट्टै दर तोकी राजस्व संकलन गरेकोमा राजस्वमा प्रयोग भएको पहिलो प्रति रसिद व्यक्तिलाई दिई दोस्रो प्रति कार्यालयले राख्नुपर्नेमा पहिलो प्रति कार्यालयमा राखी दोस्रो प्रति व्यक्तिलाई दिने गरेकोले आन्तरिक आयको वास्तविकता एकिन गर्न सकिएन ।	
३१.२.	१ नं. प्रदेश आर्थिक ऐन, २०७५ को दफा ६(१)मा संकलित कर रकमको ६० प्रतिशतले हुन आउने रकम सम्बन्धित गाउँपालिका संचित कोषमा र ४० प्रतिशतले हुन आउने रकम प्रदेश संचितकोषमा मासिक रुपमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष संकलन गरेको रु.१२०५३५५।- को ४० प्रतिशतले हुने रु.४८२१४२।- प्रदेश संचितकोष जम्मा हुनुपर्ने रु...	४८२१४२/-
३१.३.	राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानिय तहको बास्तविक राजस्व असुली र दाखिला एकिन हुन सकेन ।	
३२.	**मेसिन प्रयोग -** कार्यालयले व्याक हो लोडरवाट बर्षभरि भएको आम्दानी रु.६४४००।- मात्र दाखिला देखाएकोमा उक्त व्याक हो लोडर कहाँ कति समय संचालन भयो सोको अभिलेख तथा प्रयोग भएको नगदी रसिद प्याड समेत देखिएन । कार्यविधि वनाई मेसिन संचालनमा ल्याउनु पर्ने देखिन्छ।	
	कोभिड-१९ संक्रमण रोकथाम तथा उपचार कोष	
३३.	**कोषको स्थिति -** गाउँपालिकाले कोभिड १९ कोष खडा गरी उक्त कोषमा संघीय सरकार, प्रदेश सरकार र पालिकावाट जम्मा रु.६२६७१७६।- आम्दानी भएको छ । आम्दानी मध्येवाट खर्च भएको	

कार्यालयको नाम - मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा		आर्थिक वर्ष - २०७६/७७
दफा नं.	**लेखापरीक्षणवाट देखिएका व्यहोरा**	**बेरुजू रकम रु.**
	रु.२६६३७०३।- मध्ये रु.१२७९०५४।- राहत वितरणमा र बाँकी रकम क्वारेन्टाइन निर्माण, खाजा, खाना र विविधमा खर्च भएको छ ।	
३४.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । कार्यक्रमको लागि यस आ.ब मा रु.१ लाख प्राप्त भएकोमा पालिकाले कुनैपनि कार्यक्रम संचालन नगरी फिर्ता गरको पाइयो । तसर्थ लक्षित वर्गलाई रोजगारी उपलव्ध गराउने गरी तय भएको कार्यक्रममा रोजगारीका कार्यक्रम नै संचालन नगरि रकम फिर्ता पठाउँदा कार्यक्रमले लिएको उद्देश्य पुरा हुने देखिएन ।	
	सामाजिक सुरक्षातर्फ	
३५.	**भत्ता वितरण** - सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षामा यस वर्ष रु.६०२६२६००/- खर्च भएकोमा देखिएका थप व्यहोराहरु निम्न अनुसार छन् ।	
३५.१.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार लाभग्राहीको विवरण एम आइ. एस. मा प्रविष्टि नभई कुनै पनि स्थानीय तहमा सामाजिक सुरक्षा भत्ता वापतको रकम निकासा प्राप्त हुने छैन भनी उल्लेख छ । गाउँपालिका अन्तर्गतका ९ वटै वडाहरुमा एम.आइ.एस. मा प्रविष्टि नभएका व्यक्तिहरुलाई भरपाईका आधारमा सामाजिक सुरक्षा भत्ता भुक्तानी गरेको देखियो । कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
३५.२.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ अनुसार स्थानीय तहले सामाजिक सुरक्षा भत्ता उपभोग गर्न इच्छुक र योग्य नागरिकलाई तोकिएको मितिमा वडा कार्यालयले अनुसुची-३ र ४ बमोजिमको ढाँचामा दरखास्त फारम आहवान गरी नाम दर्ता र नवीकरण गर्ने व्यवस्था छ । तर कार्यालयले कार्यविधिमा उल्लेखित प्रावधानको पालना नगरेको हुँदा लाभग्राहीको संख्या यकिन गर्न सकिएन ।	
३५.३.	कार्यविधिको बुंदा नं. २२ अनुसार सामाजिक सुरक्षा भत्ता बैक मार्फत मात्र वितरण गर्नुपर्ने, नगदै वितरण गर्नुपरे मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ९ वटै वडामा लाभग्राहीलाई ३ वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेकोमा मन्त्रालयको पूर्व स्वीकृति लिएको देखिएन । गा.पा.ले कार्यविधिमा भएको बैंकमार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ ।	
३५.४.	वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले गर्न सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ ।	

<table>
<tr><th colspan="2">कार्यालयको नाम - मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा</th><th>आर्थिक वर्ष - २०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>३६.</td><td>पेश्की - आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा निम्न अनुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु...
<table>
<tr><th>पेश्की लिनेको नाम</th><th>पेश्की दिएको मिति</th><th>रकम</th></tr>
<tr><td>च्याकखोला सिंचाई जल उपभोक्ता समिति</td><td>२०७७/३/१८</td><td>४०१०००</td></tr>
<tr><td>च्याङखोला खाटा सिंचाई जलस्रोत उपभोक्ता संस्था</td><td>२०७७/३/१८</td><td>५३३०००</td></tr>
<tr><td>सिम्काकु पुच्छार कुलो जल उपभोक्ता समिति</td><td>२०७७/३/१८</td><td>५६००००</td></tr>
<tr><td>लोक सांस्कृतिक नाटक निर्माण तथा प्रर्दशन</td><td>२०७६/१२/४</td><td>१५००००</td></tr>
<tr><td>कम्प्युटर अधिकृत रामचन्द्र न्यौपाने (भिलेज प्रोफाइल निर्माण)</td><td>२०७७/३/३०</td><td>६५००००</td></tr>
<tr><td>का.स.राजु तामाङ (वालवालिका सम्बन्धित लक्षित कार्यक्रम र जेष्ठ नागरिक कार्यक्रम)</td><td>२०७६/१२/२९</td><td>२०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२४९४०००</td></tr>
</table></td><td>२४९४०००/-</td></tr>
<tr><td></td><td>अनुगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि कार्यालयबाट अनुरोध भई आएन ।</td><td></td></tr>
<tr><td></td><td>संचित कोष तथा बेरुजुको स्थिति - पालिकाको संचित कोषको स्थिति, बेरुजु बर्गिकरण र अद्यावधिक वेरुजुको स्थिति क्रमशः अनुसूची-१, २ र ३ मा समावेश गरिएको छ ।</td><td></td></tr>
</table>

अनुसूची-१

संचित कोषको स्थिति

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा/ नगर/गाउँ पालिका	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्यय				मौज्दात बाँकी
							गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
प्रदेश नं.१	ओखलढुंगा	मानेभञ्याङ गाउँपालिका	गाउँपालिका	८७९४५४	६२४६	०.७१	४२४३६	३१०८२६	५०८६२	५९७९	८५८०४	४५३४७२	२२७३००	७०६३१	१२८०५१	४२५९८३	६९९२५

अनुसूची-२

बेरुजु बर्गीकरण

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा /नगर/गाउँ पालिका	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
				दफा संख्या			दफा संख्या			दफा संख्या			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
				सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
प्रदेश नं.१	ओखलढुंगा	मानेभञ्याङ गाउँपालिका	गाउँपालिका	२३	१४	६२४६	०	०	०	२३	१४	६२४६	१०८८	७७८	१८८६	०	०	२६६४	८५०	१६४४	२४९४

अनुसूची-३

अद्यावधिक बेरुजुको स्थिति

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा/ नगर/गाउँ पालिका	गत वर्षको अनुसूचीवाट	समायोजन	गत बर्ष सम्मको वाँकी वेरुजु	सं.प.को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की
प्रदेश नं.१	ओखलढुंगा	मानेभञ्याङ गाउँपालिका	गाउँपालिका	२७८३१	०	२७८३१	०	०	०	०	२७८३१	६२४६	३४०७७	३६१६